# विपश्यना

साधकहरुका लागि
प्रेरणा पत्र

बुद्ध वर्ष २५५० २०६३ कार्तिक वर्ष २३ अङ्क ७

## धम्मवाणी

*सारञ्च सारतो ञत्वा, असारञ्च असारतो ।*
*ते सारं अधिगच्छन्ति, सम्मासङ्कप्पगोचरा ॥*
*(धम्मपद - १२, यमकवग्गो)*

**सारलाई सार र निःसारलाई निःसार भनेर थाहापाई शुद्ध चिन्तन गर्ने ब्यक्तिले सारलाई प्राप्त गर्दछ ।**

## मैत्री भावना

शान्त पूर्वक रहनु सरल छ, क्रोध-कोप विहीन रहनु बडो सरल छ, सँधैं मुस्कुराई रहनु बडो सरल छ । जबसम्म आफ्नो जीवन-धारा एक मधुमय संगीत झैं सँधैं इच्छा अनुकूल चल्दैरहन्छ, आफूले चाहेको जस्तो भईरहेको हुन्छ, आफ्ना मनोकामनाहरू सहज-सरल रूपले पुरा भईरहेको हुन्छ अथवा चारैतर्फ बसन्त नै बसन्त छ, हरियाली नै हरियाली छ कहीं कतै पतझर छैन भने यी सबै सरल हुन्छन् । तर साँच्चैको साधक त त्यो हो जस्ले विपरीत अवस्थामा पनि आफ्नो मनको समता बनाईराख्छ । जब जीवनमा आफूले चाहेको जस्तो हुँदैन जब जीवन मार्गमा ऊकालो-ओरालो हुन्छ, चारै तर्फ पतझड-काँडा हुन्छ, हरियालीको नामोनिशान हुँदैन, जस्ले पनि कटुताको व्यवहार गर्दछ, विनाकारण नै कसैले अपमान गर्छ, सारा घटना नचाहेको जस्तो घट्छ, आफूले चाहेको जस्तो हुँदैन यस्तो अवस्थामा पनि मनमा अलिकति पनि द्वेष-द्रोह जागेन, कोप-क्रोध जागेन भने ऊ साँच्चीकै साधक कहलिन्छ । आफूले नचाहेको घटनाबाट पनि निष्प्रभावित भएर शान्त चित्तले, करुणा र मैत्रीको अगाध जलाशय झैं सौमनस्यता लहराउँदै रहेको हुनुपर्छ । बाहिरको प्रतिकूल परिस्थितिबाट अलिकति पनि विचलित नहोस् । अलिकति पनि दौर्मनस्य नजागोस् । तब नै सही अर्थमा परिपक्व विपश्यी साधक हुन्छ । यस अवस्था सम्म पुग्नका लागि हामी सँधैं प्रयत्नशील रहनु पर्छ ।

भगवानले भिक्षुहरूलाई यही कुरा बुझाउँनु हुँदै एउटा उदाहरण भन्नु भयो । पहिला श्रावस्ती नगरमा एकजना गृहिणी थिइन् उनको नाम वैदेहिका थियो । उनी अत्यन्त सौम्य-शान्त स्वभाव भएको कारण लोक-प्रसिद्ध थिइन् । उनीसंग झगडा गर्ने-रिसाउने बानी थिएन । गाली गर्ने-कटु बचन बोल्ने उनको बानी नै थिएन । उनकी एकजना नोकरानी थिइन, उनको नाम काली थियो । उनी अत्यन्त परिश्रमी, सेवा-भावी, हँसिलो मुहार की थिईन विनम्र र विनीत उनको स्वभाव थियो । मालिक्नी उठ्नु अघि उठेर घरको सम्पूर्ण कामहरू समयमा नै कुशलतापूर्वक सक्काउँथी । मालिक्नीले केही भन्नै पर्दैन थियो; गाली गर्ने, काम अऱ्हाउने मौका नै पाउँदैनथ्यो । घर सधैं सफा, सुकिलो, सजिएको हुन्थ्यो । मीठो मनपर्ने भोजन समयमा नै तयार गर्थी । घरमा कोही पाहुना आए पनि उनको लागि आवश्यक सम्पूर्ण तजविज भन्नै नपर्ने गरि गर्दथिन् । सबै कुरा आफूले चाहेको जस्तो हुन्थ्यो । चारै तिर खुसी नै खुसी छाएको थियो । यो सबै त्यस दासीको कारणले थियो । मालिक्नीको मुहार सँधैं हँसिलो हुन्थ्यो ।

मालिक्नीको सौम्य स्वभाव काली दिनहुँ देख्दथी । बाहिर पनि उनको चर्चा सुन्न पाउँथे । एकपटक उसको मनमा आफ्नो मालिक्नीको जाँच लिने सोचाई आयो, के उनी साँच्चिकै सौम्य स्वभाव भएकी हुन् अथवा कालीको निर्दोष सेवाको कारणले मात्र यस्तो भएको हो ।

भोलिपल्ट काली अलि अबेर उठी घरको दैनिक कार्य समयमा नै सिध्याउन सकेन । मालिक्नीलाई नराम्रो लाग्यो । अर्को दिन त्यो भन्दा पनि ढिलो उठी, मालिक्नीलाई मनपरेन । मालिक्नीले रिसाउँदै कालीलाई गाली गरिन् । तेस्रो दिन झन अबेर उठी । अब त मालिक्नीले सहन सकेन । झन-झन रिसाई, रिस गालीसम्म मात्र सिमित रहेन । उनी क्रोधित भई र सँगै रहेको लौरोले कालीको टाउको फोडिदिई । कालीको टाउकोबाट रगत बग्न थाल्यो । मालिक्नीको सौम्य स्वभावको पोल खुल्यो । आफूलाई मन नपरेको कुराको प्रति क्रोध गर्ने दूषित स्वभाव मनको जरासम्म बडो मजबूत भएर दृढ पूर्वक रहेको हुन्छ । परन्तु मनले चाहेको भएमा माथिल्लो-माथिल्लो तहमा प्रसन्नताले ढाकेर राखेको हुन्छ । स्वभाव त भित्रको बदल्नु पर्छ । अनचाही कुरा हुंदा पनि मन कुपित नभईकन शान्त-सुमन पूर्वक कसरी राख्ने भनेर सिक्नुपर्छ ।

त्यस समयमा एकजनालाई भिक्षुणी संघको प्रति आवश्यक भन्दा पनि ज्यादै चासो थियो । भिक्षुणीहरूको विरोधमा यदि कसैले एक शब्द बोल्यो भने पनि उनी चिड्चिडाउँथे । त्यसैलाई लक्ष्य गरेर भगवानले त्यस समय साँचो र सहिष्णुताले भरेको मैत्रीको गहिरो र सारगर्भित उपदेश दिनुभयो । भगवानले बुझाउनु भयो - “भिक्षुहरू, कसैले तिमीसंग समयानुकूल भनोस् अथवा प्रतिकूल, साँचो बोलोस् अथवा झूठो, स्नेह पूर्वक नरम बोली बोलोस् अथवा कर्कश-कटु, सार्थक बोलोस् अथवा निरर्थक, मैत्रीपूर्ण चित्तले भन अथवा द्रोहपूर्ण चित्तले तिमीले त सँधैं जुनसुकै अवस्था पनि चित्तलाई विकार विमुक्त बनाई राख्नु पर्छ । तिम्रो मूखबाट बिर्सेर पनि कुनै दुर्वचन निक्लन नपाओस् । चित्त सँधैं मैत्रीभावले भरिएको हुनुपर्छ । अलिकति पनि द्वेष र दुर्भावना नआओस् बरु त्यसै ब्यक्तिलाई आलम्बन बनाएर आफ्नो मंगल-मैत्रीलाई अपरिमित बनाउने अभ्यासको आरम्भ गर । यस प्रकार तिमी त्यस ब्यक्तिलाई आफ्नो कल्याणको भागिदार समझ ।

ती गृहत्यागी निर्वानोन्मुख भिक्षुहरूलाई भगवानले उपमा दिनुहुँदै बुझाउनु भयो ।

१) कोही अज्ञानी मानिस हातमा कूटो बोकेर भन्छ कि म यस महापृथ्वीलाई खनेर समाप्त गरिदिन्छु ।

२) कोही अज्ञानी मानिस बेसार अथवा कुनै पहेंलो रंग लिएर भन्छ कि म सारा आकाशलाई यस रंगले रंगाइदिन्छु ।

Downloaded from http://www.dhamma.digital

३) कोही अज्ञानी मानिस झाडपात जम्मा गरेर भन्छ कि यसलाई बालेर म समुद्रको सारा पानी तताईदिन्छु ।

४) कोही अज्ञानी बिरालोको शरीरको नरम रौंलाई कुनै कडा लट्ठीले रगडेर भन्छ कि म यी रौंलाई लट्ठी झैं बनाई दिन्छु ।

यी सबैजना असफल नै हुनेछन्। यस्तै प्रकारले यदि कसैले तिम्रो समता भंग गर्न चाहन्छ, तिमीलाई क्रोधि बनाउन चाहन्छ भने लाख प्रयत्न गरे तापनि यदि तिम्रो मैत्री बल सबल छ भने ऊ असफल नै हुनेछ ।

पृथ्वी महान छ । कसैले कूटोले खन्दैमा यो नष्ट हुने खालको छैन । आकाश अनन्त छ कसैले रंगले रंगाउन सक्दैन । समुद्र विशाल छ । कसैले झाडपात बालेर तताउन सक्ने छैन । बिरालोको रौं अत्यन्त कोमल हुन्छ कुनै लट्ठीले रगडेर त्यसलाई कडा बनाउन सक्दैन ।

यस्तै प्रकारले यदि कोही भिक्षुको मैत्री अनन्त छ, अपरिमित छ भने कसैको सीमित प्रयत्नबाट त्यसलाई नष्ट गर्न सक्दैन, यो उस्को स्वभाव हुन जान्छ । अत: भिक्षुहरूले आफ्नो मैत्री बल अपरिमित बनाउनु पर्दछ । यदि कोही दुष्ट दुर्जन दुईजना ब्यक्तिले तरवार लिएर भिक्षुको शरीरको कुनै अंग काटे पनि उनीहरूको प्रति द्वेष भाव न आवोस् । मैत्री भाव नै आऊन् । तब नै भगवानको शिक्षा पालन गर्न सफल भएको हुन्छ । अत: आफ्नो मैत्री-बल अपरिमित गर्नुपर्छ !

अनेकौं भिक्षुहरू भगवानको आदेशलाई स्वीकार गरेर गम्भीरता पूर्वक पालन गर्दथे । एक समय भगवानले उदाहरण दिनु हुँदै भन्नु भयो कि भिक्षुहरूका लागि एकासन भोजन अर्थात चौबीस घण्टामा एक पटकमात्र भोजन सेवन गर्नु राम्रो हुन्छ । यसबाट उनीहरूको स्वास्थ ठीक हुन्छ । उनीहरू निरोगी रहन्छन् । उनीहरूको स्फूर्ति र बल बढ्छ र शारीरिक सुखमा पनि बृद्धि हुन्छ । यसलाई सुनेर अनेकौं भिक्षुहरू एकासन भोजनसेवन गर्दथे । यहाँ यी भिक्षु-विनयको नियम अनुसार केवल विकाल भोजन अर्थात मध्यान्ह समय उपरान्त भोजन नगर्नु नै पर्याप्त थियो ।

यसरी आफ्नो मैत्री सबल गर्न त्यस्को विकास गर्न अनेकौं भिक्षुहरू लागि परेका थिए । ती मध्येको एउटा उत्कृष्ट उदाहरण-

सूनापरांतको सुप्पारक पत्तन (वन्दरगाह) का निवासी, 'पूर्ण' नामको एकजना ब्यापारी ब्यवसाय गर्न श्रावस्ती गएका थिए । त्यहाँ भगवानको सम्पर्कमा आए अर्थात धर्मको सम्पर्कमा आए । गृहस्थी प्रति वैराग्य जाग्यो र त्यहीं प्रव्रजित भए र भिक्षु संघमा सम्मिलित भए । भगवानको उपदेशलाई दृढतापूर्वक पालना गर्दथे । केही समय अभ्यास गरे पछि स्वदेशमा फर्कने मन भयो र भगवान संग आज्ञा लिन गए ।

भगवानले सोध्नु भयो- "सूनापरांत जनपदका मानिसहरू एकदम कठोर स्वभावका छन् । चण्ड स्वभावका छन् । उनीहरू तिमी देखि रिसाउँनेछन् । तिमीलाई कडा बोली बोलेर आक्रोश प्रकट गर्नेछन् तब तिमीलाई कस्तो होला, पूर्ण ?"

"मलाई राम्रो नै लाग्नेछ, भगवान ! मेरो मनमा यही भाव जाग्नेछ कि सूनापरान्तका निवासीहरू भलादमी छन्, सुभद्र छन् । मसंग रिसाएर केवल केही शब्द कटु वचन मात्र बोलेर आक्रोश प्रकट गरे, मलाई हातले त पिटेनन् ।"

-"यदि उनीहरूले तिमीलाई पिट्यो भने कस्तो लाग्नेछ, पूर्ण ?"

- "राम्रो नै लाग्नेछ, भगवान ! मेरो मनमा यही भाव जाग्नेछ कि यिनीहरू कति भद्र छन्, सुभद्र छन् । कति भलादमी छन् । केवल हातले मात्र पिटे, ढुङ्गा-मूढाले त हिर्काएनन् ।"

-"यदि उनीहरूले तिमीलाई ढुङ्गा-मूढाले हिर्काए भने तिमीलाई कस्तो लाग्ला, पूर्ण ?"

-"मलाई राम्रै लाग्नेछ, भगवान ! मेरो मनमा यही भाव आउने छ कि यिनीहरू कति भद्र छन्, सुभद्र छन् । यिनीहरूले मलाई केवल ढुङ्गाले मात्रै हिर्काए डण्डीले त हिर्काएनन् । यिनीहरू साँच्चीकै असल छन् ।"

-"यदि डण्डीले हिर्काए भने तिमीलाई कस्तो लाग्ला, पूर्ण ।"

-"राम्रो नै लाग्नेछ, भगवान ! मेरो मनमा यही भाव जाग्नेछ कि यिनीहरू कति भद्र छन्, सुभद्र छन्, कति असल छन् । केवल डण्डीले त हिर्काए । कुनै शस्त्रले त मारेनन् । साँच्चीकै यिनीहरू असल छन् ।"

-"यदि उनीहरूले हतियार आदिले हान्यो भने तिमीलाई कस्तो लाग्ला, पूर्ण ?"

-"राम्रो नै लाग्नेछ, भगवान ! मेरो मनमा यही भाव आउनेछ कि यिनीहरू कति असल छन्, भद्र छन् । सामान्य हतियारले हानेर मलाई घाईते मात्र बनाए । कुनै धारिलो हतियारले हानेर मेरो ज्यान त लिएन ।"

-"यदि उनीहरूले धारिलो हतियारले हानेर तिमीलाई माऱ्यो भने तिमीलाई कस्तो लाग्छ, पूर्ण ?"

-"राम्रो नै लाग्नेछ, भगवान् ! मेरो मनमा यही भाव जाग्नेछ कि यिनीहरू कति असल छन्, भद्र-भलादमी छन् । केही मानिसहरू यस्ता हुन्छन् जो अति दु:खमय जीवन जिउँदछ र त्यसबाट मुक्ति पाउनका लागि कोही शस्त्रधारी प्राणघातकलाई खोज्दै हिँड्छन् । ओहो ! मलाई त नखोजी कुनै यस्ता शस्त्रधारी प्राणघातक भेट्टीयो । यहाँका मानिसहरू कति भद्र छन् ।"

"साधु ! साधु ! साधु !" भगवानले साधुकार दिंदै भन्नु भयो- "पूर्ण ! तिमी यस्तो धर्ममय चित्तले आफ्नो मातृभूमिमा सफलतापूर्वक निवास गर्न सक्छौ र धर्मसेवा गर्न सक्छौ ।"

यसरी भगवानको आशीर्वाद लिएर भिक्षु पूर्ण स्वदेश फर्किए र आफूले भगवान संग सिकेको साधना-विधि अनुसार अभ्यास गरेर पहिलो वर्षावासमा नै उसले अर्हन्त अवस्था प्राप्त गरे । पहिलो वर्षावासमा नै त्यस प्रदेशका एक हजार मानिसहरूलाई शुद्ध धर्ममा प्रतिष्ठापित गरे । त्यसपछि त्यसको संख्या दिन प्रतिदिन बढ्दै गयो । अनेकौं मानिसहरूलाई धर्म प्राप्त भयो ।

भगवानले सिकाउनु भए अनुसार काम गरेर असीम मैत्री-बलले भिक्षु पूर्णले त्यस प्रदेशमा जुन शुद्ध धर्मको बीऊ रोपे त्यो कालान्तरमा खूब फैलियो, खूब फुल्यो र फल्यो ।

आजको महाराष्ट्रको उत्तरी तथा पूर्वी प्रदेशमा अरहन्त पूर्णको धर्म सेवाको कारण शुद्ध धर्मको पवित्र गंगा प्रवाहित भएको छ । कठोर स्वभाव भएका मानिसहरू मैत्री-बलको कारण मृदुल स्वभावमा परिवर्तन भए । यस प्रदेशमा विशाल चट्टानलाई काटेर ध्यान गर्न बनाएका गुफाहरूले अरहन्त पूर्ण र उनका शिष्य-प्रशिष्यहरूको अपूर्व सफलताका बारेमा आजसम्म पनि सम्झना दिलाउँदछन् । त्यहाँको पावन गुफाका लहरहरूले उनको गौरव गाथा गाउँदछन् ।

धन्य छ मंगलमय मैत्री-भावना । धन्य छ मैत्री-भावनाले परिपूर्ण पूर्ण !!

(साभार : हिन्दी "विपश्यना" पत्रिका २००६, श्रावण पूर्णिमा)

मंगल मित्र
स.ना.गो.

Downloaded from http://www.dhamma.digital

***भगवानको सम्पर्कमा आएर आफ्नो कल्याण गरेका केही उदाहरणीय व्यक्तित्वहरू***

### राजा भद्दिय

सम्यक सम्बोधि प्राप्त गर्नु भएपछि भगवान बुद्ध कपिलवस्तु जानु भई धर्म देशना गर्नु भयो जसबाट महाराजा शुद्धोधन, महारानी प्रजापती, कुमार राहुल, राहुल-माता यशोधरा, राजा दंडपाणि सहित शाक्य तथा कोलिय परिवारका धेरै सदस्यहरूको कल्याण भयो। धेरै जना प्रबजित भए। भगवान बुद्धका काकाका छोरा अनुरुद्ध पनि प्रवजित हुनको लागि आतुर थिए। तर ज्यादै कलिलो उमेर भएको कारण उनको आमाले रोकी राखे। तर उनले जिद्दीगरिरहे, उनको जिद्दी टाल्न नसकिए पछि एक शर्त राखेर आमाले अनुमति दिए। अनुरुद्धका अत्यन्त मिल्ने साथि शाक्य राजा भद्दिय प्रवजित भयो भने अनुरुद्ध पनि हुनसक्ने भयो। शाक्यहरूको जनतंत्रीय शासन थियो। जनतंत्रीय संसदका सबै सदस्यलाई राजा भनिन्थ्यो। प्रत्येक राजाका जिम्मामा कुनै न कुनै शासन विभागको दायित्व हुन्थ्यो। भद्दिय त्यस समय जनतन्त्रको जिम्मेदार राजा थिए। भद्दिय यस जिम्मालाई छोडेर प्रव्रजित हुन सक्दैन भन्ने अनुरुद्धको आमाले सोचेकी थिइन तर अनुरुद्धले भद्दियलाई वचन बद्ध गरेर प्रवजित हुनको लागि बाध्य तुल्याए। राजा भद्दियका साथमा अनुरुद्ध, आनन्द, भृगु, किम्मिल र देवदत्त भगवान बुद्धको सामू प्रबजित भए। भगवान बुद्धको निर्देशनमा साधनाको अभ्यास गरीरहे, राजा भद्दियले सबभन्दा पहिला अरहंत अवस्था प्राप्त गरे। त्यस परम सुखको अवस्था अनुभव गरेपछि उनको मुखबाट सुखद् उद्गार निस्कियो **अहो सुखं, अहो सुखं।**

अन्य भिक्षुहरूले सोचे कि भद्दिय बचन बद्ध भएको कारणले मात्र प्रव्रजित भएका थिए आफ्नो इच्छाले भएको थिएन अत: आफ्नो जीवनको राजसी सुखलाई सम्झेर यस्तो उद्‌गार व्यक्त गरिरहेको होला। भगवान बुद्धले अन्य भिक्षुहरूको भ्रम हटाउनको लागि भद्दियलाई बोलाए र उनको उद्‌गारको कारण सोधे। भद्दियले स्पष्ट गर्दै भने जब कोहि व्यक्ति राजाको पदमा हुन्छ तब उनको सुरक्षाको लागि कडा प्रबन्ध हुन्छ। महलको भित्र र बाहिर, नगरको भित्र-बाहिर, जनपदको भित्र बाहिर सुरक्षाको व्यवस्था हुन्छ। यी सबै व्यवस्था भएता पनि राजाको ज्यानको खतरा भई नै रहन्छ। यस्को उल्लेख गर्दै भद्दियले भने यी पहरेहरूका बीच सदैब रहेर पनि म संधै आफूलाई असुरक्षित, भयभीत थान्थें। अब म एक्लै जंगलमा (अरण्यमा) रहन्छु, रुखको मुनी बसेर साधना गर्छु, शून्यागारमा रहन्छु तर पनि म निर्भिक छु, अशंक र अशंत्रस्त छु र अरुले दिएको दानमा सन्तुष्ट रहेर विहार गर्दछु। यसलाई देखेर नै मेरो मुखबाट यस उदानको वाक्य निस्क्यो **अहो सुखं, अहो सुखं।** (उदान. २०, भद्दियसुत्र)

राजा भद्दिय भगवान बुद्धको शरणमा आएर अत्यन्त फलदायी भए। देवदत्त बाहेक अन्य सबैले आफ्नो कल्याण साधे।

### बोधि राजकुमार

कौशाम्बीका बोधि राजकुमार भगवानको प्रति अत्यंत श्रद्धालु थिए। उनले एउटा नयाँ घर बनाएका थिए। गृह प्रवेशको अवसरमा उनले संघ सहित भगवान बुद्धलाई भोजनको लागि आमन्त्रित गरे। भगवान बुद्ध समयमा नै संघ सहित त्यहाँ आइपुग्नु भयो। बोधि राजकुमार भगवान बुद्धलाई स्वागत गर्न घरको बाहिर उभिरहेका थिए। भगवान बुद्ध त्यहाँ आईपुगे पछि महलको भऱ्याङ्ग चढ्नकोलागि निवेदन गरे। भगवान बुद्धको सन्मानमा उनले सेतो बस्त्र बिच्छाएको थियो। भगवान बुद्धले त्यस बस्त्रमा टेक्नु भएन। आनन्दले बोधि राजकुमारलाई भने कि यी बस्त्र उठाउनु, भगवान बुद्ध यी बस्त्रमा टेक्नु हुन्न। भावी जनता प्रति भगवान बुद्ध अनुकम्पा गरिरहनु भएको छ।

भगवान बुद्ध यस्तो कुनै गलत परम्परा स्थापित गर्न चाहनु हुन्न थियो। जसबाट पछिका आचार्यहरू बस्त्रमा चल्ने परिपाटी हुनजान्छ र भक्तजनहरूले यस्तो अशोभनीय बोझ उठाउन नपरोस्।

भोजन पछि भगवान बुद्धले धर्मदेशना गर्नु भयो। भगवान बुद्धले बोधि राजकुमारको प्रश्नको उत्तर दिँदै भन्नुभयो, यदि कोही योग्य पात्र छ भने भगवान बुद्धले बताए अनुसार ठीक तरीकाले अभ्यास गऱ्यो भने विहान साधना सिकेको व्यक्ति साँझ सम्ममा र साँझ साधना सिक्नेले भोलि पल्ट विहान सम्ममा मुक्त अवस्था प्राप्त गर्न सक्छ। यस्तो सुनेर बोधि राजकुमारले हर्ष पूर्वक भन्यो– **अहो बुद्धो, अहो धम्मो, अहो धम्मस्स स्वाक्खातता** ! - अहो बुद्ध, अहो धर्म, अहो धर्मको सुआख्यान।

बोधि राजकुमारले बताउँदै गए कि "जब म गर्भमा थिएँ तब मेरी आमाले भगवान बुद्धलाई नमस्कार गर्दै भनेकी थिइन कि मेरो कोखमा जुन शिशु पलिरहेको छ ऊ भगवान बुद्धको शरणमा जान्छ। उसलाई पनि भगवान बुद्धको शरणागत उपासक स्वीकार गर्नुहोस्। एक पटक फेरी मेरो जन्म पछि धाई आमाले मलाई लिएर भगवान बुद्ध समक्ष नमस्कार गर्दै भगवान बुद्ध समक्ष भनेछ– भन्ते यो बोधि कुमार भगवान बुद्धको, धर्मको र संघको शरण जान्छ, यसलाई कृपया शरणागत उपासक स्वीकार गर्नुहोस्। भगवान बुद्ध, आज म तेस्रो पटक भगवान बुद्धको, धर्मको र संघको शरण जान्छु। आज देखि मलाई जीवन-पर्यंत शरणागत उपासक स्वीकार गर्नुहोस्।"

### सिंह सेनापति

अन्य गणराज्यहरूको झैं लिच्छवीहरूको गणराज्यमा पनि राज्य संसदका सदस्य शासनको जिम्मा निभाउँदथ्यो र उनीहरूलाई त्यही अनुसार अधिकार प्राप्त थियो। प्रत्येक सदस्यलाई कुनै न कुनै जिम्मा दिएको हुन्थ्यो। ती मध्ये सबभन्दा ठूलो जिम्मा सेनापतिको हुन्थ्यो, सेनापति नै राज्यको प्रधानमन्त्री पनि हुन्थे र उस्को जिम्मा अनुसारको उसको अधिकार पनि हुन्थ्यो।

त्यस समयको लिच्छविहरूको सेनापति र प्रधानमन्त्री पदमा सिंह नामको व्यक्ति थियो। राज्य र जनता उनी प्रति खुब प्रभावित थिए। पटक-पटक लिच्छवी सरदारहरू भगवानको धर्मबाट प्रभावित भएर धर्म सिक्न आएका थिए। ती मध्ये प्रमखु व्यक्तिहरूमा महालि, महानाम, भद्दिय, साल्ह, अभय, पंडित कुमार, दुर्मुख, महामात्य नंदक आदि थिए।

यी बाहेक अनेक लिच्छवी पुरुष तथा नारीहरू भगवान बुद्धको सम्पर्कमा आएर प्रबजित भए।

सेनापति सिंहको भगवान बुद्धसंग भिन्दै प्रकारले सम्पर्क भएको थियो। सिंहको पूर्व आचार्यलाई संधै भय थियो कि सिंहजस्तो महत्वपूर्ण व्यक्तित्व कहीं अन्यको लैलैमा लागेर आफूबाट अलग नहोस्। त्यस समय विरोधीहरूले भगवान बुद्धको निन्दा गरेर खूब प्रचार गरिरहेका थिए कि भगवान मायाबी छ, मन्त्रणा गरेर मानिसहरूलाई आफू तिर आकर्षित गरिरहेका छन्, आदि-आदि। अर्को तर्फ भगवान बुद्धको प्रसिद्धि पनि फैलिएको थियो कि भगवान बुद्ध परम परिशुद्ध धर्मको शिक्षा दिनुहुन्छ, उनलाई साम्प्रदायिक समूह बनाउने कुनै शौक छैन, लोक कल्याण नै उनको शिक्षाको एक मात्र उद्देश्य हो। सिंह सेनापतिले अन्य लिच्छवी सरदारहरूको मार्फत तथा भिक्षु भिक्षुणीहरू द्वारा भगवान बुद्धको शिक्षाको बारेमा सुनेका थिए। त्यसैले सिंह सेनापति भगवान बुद्धसंग भेट्न इच्छुक

Downloaded from http://www.dhamma.digital

थिए ।
परन्तु उनको पूर्व आचार्यले पटक पटक उनलाई रोकिराखेका थिए कि गौतम कुनै धार्मिक क्रियालाई मान्दैन अक्रियावादी छ त्यसको विरोधी छ तिमी भने कर्मलाई मान्ने, त्यस्को सिद्धान्तलाई मान्ने आस्तिक व्यक्ति, तिमी नास्तिक गुरुकहाँ कदापी जानु उचित हुँदैन ।

यसै कारण सेनापतिले आफ्नो इच्छालाई रोकिराखे । तर एक पटक असह्य भयो र भगवान बुद्धलाई भेट्न गए । भगवान बुद्धलाई भेटेर नमस्कार गरे र यही प्रश्न गरे कि के भगवान अक्रियावादी हुनुहुन्छ ? भगवान बुद्धले उत्तर दिनुभयो- हो, म अक्रियावादी छुँ ।

सिंह, यस्तो उत्तर सुनेर आश्चर्य भए । भगवान बुद्धले स्पष्ट पार्नु भयो कि कायिक, वाचिक तथा मानसिक दुष्कर्मको प्रति अक्रियावादी छुँ अर्थात त्यसलाई पालन नगर्ने उपदेश दिन्छु । भगवान बुद्धले भन्नुभयो म क्रियावादी पनि हुँ । कायिक, वाचिक तथा मानसिक सत्कर्मको प्रति क्रियावादी हुँ । त्यसलाई पालन गर्ने उपदेश दिन्छु ।

भगवान बुद्धले गर्नु योग्य काम र गर्नु नहुने कामको बारेमा बताउनु भयो । सिंह सेनापति भगवानको आदेश सुनेर पूर्ण आश्वस्त भए । भगवान बुद्ध प्रतिको संदेह हट्यो । उनको प्रति श्रद्धा जाग्यो र भन्न थाल्यो-

धन्य छ भगवान बुद्धको वचन, धन्य छ भगवान बुद्धको कथन । आजदेखि मलाई जीवन-पर्यन्त शरणागत उपासक स्वीकार गर्नुहोस् ।

भगवान बुद्धलाई कुनै सम्प्रदाय खडा गर्नु थिएन । कसैलाई साम्प्रदायिक घेरामा बन्द गरेर राख्नु उहाँको शिक्षाको उद्देश्य थिएन । जब समाजका कोही विशिष्ट व्यक्तिले शरण ग्रहण गर्‍यो भने उसलाई सतर्क भएर पून: विचार गर्ने परामर्श दिनुहुन्थ्यो जस्तो भगवान बुद्धले उपालिलाई दिएका थिए । भगवान बुद्धले सिंह सेनापतिलाई पनि त्यस्तै भन्नुभयो कि, “तिमी जस्तो प्रसिद्ध व्यक्तिले धेरै सोचेर-बुझेर मात्रै यस्तो निर्णय लिनु पर्छ । भगवान बुद्धको स्वच्छ हृदय देखेर सिंह सेनापति चकित भए । अन्य कुनै साम्प्रदायिक आचार्यहरू भएको भए लिच्छविहरूका सरदार आफ्नो शरणमा आएको देखेर गदगद् हुन्थे । सारा शहरमा विजयको झण्डा फैलाउँथे । पर न्तु यो शुद्ध धर्मको आचार्य यस्तो असंग, अनासक्त । भगवान बुद्धप्रति सेनापतिको श्रद्धा दुई गुणा बढ्यो, र शरणागत हुने पुन: घोषणा गरे ।

भगवान बुद्धले पुन: भन्नुभयो कि तिम्रा पूर्व आचार्य र त्यस सम्प्रदायका साधुहरूका निमित्त लामो समयसम्मका लागि तिमी खानाको भाँडोको रुपमा थियौ कहीं यस्तो नहोस् कि तिनीहरूलाई दिने दक्षिणामा कमी नहोस् ।

---

## धर्म गाथा

### हिन्दी

*चित्त हमारा शुद्ध हो, सद्‌गुण से भर जाय ।*
*करुणा, मैत्री, सत्य से, मन मानस लहराय ॥*

*निर्मल निर्मल सब कहें, पर समझे ना कोय ।*
*राग द्वेष और मोह के, छूटे निर्मल होय ॥*

*जब तक मन में कुटिलता, तब तक मन बेचैन ।*
*जब आए मन सरलता, तब आए सुख चैन ॥*

*इस विस्तृत संसार में, भरे विषय भण्डार ।*
*कमल सदृश जल में रहे, जागे नहीं विकार ॥*

*मैल छुटे तो ही करे, स्वच्छ सुखद ब्यवहार ।*
*सुमन होय सत्कर्म से, करे जगत उपकार ॥*

*मैत्री करुणा प्यार से, हृदय तरंगित होय ।*
*जन जन का हितसुख सधे, निज हितसुख भी होय ॥*

मंगल कामना सहित
पारमिता ट्रेडिङ्ग कम्पनी लि.
काठमाडौं, फोन ४२७४१४७
विक्रेता : शीशा र आल्मोनियम च्यानल

### हिन्दी

*द्वेष द्रोह दुर्भाव के, उछल रहे अंगार ।*
*मैत्री करुणा प्यार की, बरसे अमृत धार ॥*

*द्वेष द्रोह सारे मिटें, भेदभाव हों दूर ।*
*मानव मानव में जगे, पुनः प्यार भरपूर ॥*

*ज्यों गौतम सिद्धार्थ में, जागी बोधि अनंत ।*
*त्यों हम सब में भी जगे, होय दुखों का अन्त ॥*

*सफल होय यह जिन्दगी, मानव का तन पाय ।*
*आए सब रोते हुए, हँसते हँसते जांय ॥*

*दान शील श्रद्धा जगे, प्रज्ञा जगे प्रगाढ ।*
*लोक और परलोक में, आए सुख की बाढ़ ॥*

*धर्म सरित निर्मल रहे, मैल न मिश्रित होय ।*
*जन जन का होवे भला, जन जन जन मंगल होय ॥*

मंगल कामना सहित
सीताराम गोकुल मिल्क लि.
काठमाडौं, फोन ४३३०७८८
विक्रेता : दुग्ध तथा दुग्ध पदार्थ

*सम्पादक :* रोशनी शाक्य, *प्रकाशक :* नेपाल विपश्यना केन्द्र, धर्मश्रृङ्ग, बुढानीलकण्ठ, काठमाडौं । फोन : ४३७१६५५, ४३७१००७ *कार्तिक २०६३*
*सम्पर्क स्थान :* श्री रूप ज्योति, ज्योति भवन, पो. ब. नं. १२८९६, काठमाडौं । फोन : ४२२५४९०, ४२२३९६८, ४२४८९४९, ४२५०५८१, email : nvc@htp.com.np
*मुद्रक :* न्यू नेपाल प्रेस, प्रधान कार्यालय फोन : ४४३ ४८५०, ४४३ ४७५३; शाखा कार्यालय फोन : ४२५ ९०३२, ४२५ ९४५०, फ्याक्स : (+९७७-१) ४२५८६७८

जि.प्र.का.द.नं. ३८/५१/५२

साधकको नाम : ..............................................

ठेगाना : ..............................................

..............................................

..............................................

● आजीवन शुल्क रू. २००/-

Downloaded from http://www.dhamma.digital